श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७७।०७८ सालको निर्णय नं.१४७

पुनरावेदन नं. ०७५-RB-०३७२

जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नं. २८ स्थित नेपाल क्यान्सर अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि.का तर्फबाट ऐ.का अधिकार प्राप्त महाप्रबन्धक का.जि.का.म.न.पा. वडा नं.६ बस्ने वर्ष ६३ को दिलीपकुमार श्रेष्ठ.........................१ } पुनरावेदक

विरुद्ध

साविक ठूला करदाता कार्यालय, ललितपुर हाल मध्यमस्तरीय करदाता कार्यालय बबरमहल काठमाडौं.. १
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ...१ } प्रत्यर्थी

<u>मुद्दा: अग्रिम करकट्टी रकम दाखिला (आ.व.२०७४/०७५)</u>

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री सज्जन वीर सिंह थापा

प्रत्यर्थी कार्यालयका तर्फबाट :विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७५।०३।२४

प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने पदाधिकारी : महानिर्देशक विष्णुप्रसाद नेपाल

कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय मितिः–२०७५।११।१२

पुनरावेदक नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.का हकमा ठूला करदाता कार्यालय,ललितपुरबाट मिति २०७५।०३।२४ को कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. करदाता नेपाल क्यान्सर अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि.को आ.व.२०७४/०७५ (२०७४ श्रावण देखि चैत्र मसान्त) सम्मको श्रोतमा करकट्टीको कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको कर परीक्षण प्रतिवेदन समेतको आधारमा करदाताले श्रोतमा करकट्टी नगरेको तथा करकट्टी गरी दाखिला नगरेको अग्रिमकर कट्टी रकम (शुल्क तथा ब्याज समेत) रु. १,५१,८९,४२८।१६ दाखिला गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने भए आधार र कारण सहित पन्ध्र दिन भित्र जवाफ पेश गर्न साविक ठूला करदाता कार्यालय, ललितपुरबाट करदाता नेपाल क्यान्सर अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि.लाई मिति २०७५।०२।१६ मा गरिएको पत्राचार ।

२. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०६५।०२।१६ मा जारी भएको आदेश करदाताले मिति २०७५।०२।२८ मा बुझीलिएको मिसिलबाट देखिन्छ।

३. कन्सल्टेण्ट डाक्टरहरु अस्पतालको नियमित सेवामा रही कर्मचारी सरह पारिश्रमिक लिने व्यक्ति होईनन्। विपक्षी कार्यालयले उल्लेख गरेको आयकर ऐन,२०५८ को दफा ८७(१) को अनुसूची-१ आकर्षण नहुने, कानूनमा नभएको ब्यवस्था बमोजिम जरिवाना लागाउन नमिल्ने, यस अस्पतालमा परामर्श सेवा दिदै आएका विशेषज्ञ डाक्टरहरुको सम्बन्धमा Employee र Employer को सम्बन्ध नभई परामर्श(Consultancy) को सम्बन्ध रहेकोले हामीले भुक्तानी वापत १५ प्रतिशत अग्रिम करकट्टी गरी दफा ९० बमोजिम दाखिला गरेको छ भन्नेसमेत बेहोराको करदाता नेपाल क्यान्सर अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि.का तर्फबाट साविक ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७५।०३।११ मा पेश भएको लिखित जवाफ ।

४. रोजगारदाताको तर्फबाट व्यवसायमा दर्ता नभएको व्यक्तिबाट नियमित सेवा लिई मासिक रुपमा न्यूनतम भुक्तानीको समेत ग्यारेन्टी गरी सेवा लिएको तर प्राकृतिक व्यक्तिलाई रोजगारीको आयमा लाग्ने कर रकम भन्दा बढी करकट्टी गर्नुपर्ने अवस्था भई मासिक रुपमा न्यूनतम भुक्तानी सहितको ग्यारेन्टी गरी सम्झौतामा Full Time Consultant उल्लेख

गरी Minimum Guarantee Payment (MGP) भनी Pay Scale समेत तोकी नियमित मासिक रुपमा भएको भुक्तानीलाई समेत परामर्श सेवा वापतको भुक्तानी भनी १५ प्रतिशतको दरले मात्र अग्रिम करकट्टी गरी भएको भुक्तानी कर दायित्व कम गर्ने गरी योजना गरेको पाइयो। आयकर ऐन,२०५८ को दफा(३) मा रोजगारीको आय मात्र भएको, रोजगारदाता बासिन्दा व्यक्ति भएको, एक पटकमा एउटा मात्र रोजगारदाता भएको तथा दफा १२ बमोजिम चन्दा खर्च घटाउन दावी नगरेको अवस्थामा दफा ३ को खण्ड (क) बमोजिमको प्राकृतिक व्यक्तिले दाखिला गर्नुपर्ने कर त्यस्ता बासिन्दा व्यक्तिलाई सो आय वर्षमा रोजगादाताबाट दिईएका भुक्तानीबाट दफा ८७ बमोजिम कट्टी भएको कर रकमको जम्मा रकम बराबर हुनेछ भन्ने उल्लेख भएको हुँदा उक्त व्यक्तिहरुले अन्यत्र समेत आय आर्जन गरेको अवस्थामा निजहरुको रोजगारदाताबाट भएको अग्रिम करकट्टी रकम अन्तिम नहुने र यथार्थ विवरण बुझाई कट्टी भएको कर रकम मिलान गर्न पाउने नै हुँदा करदाताले परामर्श सेवा वापतको भुक्तानी भनी गरेको उक्त भुक्तानीमा प्राकृतिक वासिन्दा व्यक्तिलाई गरेको पारिश्रमिक आय सरहको भुक्तानी मानी अग्रिम कर कट्टी निर्धारण गरी अग्रिम कर गणना गरी माग गर्नु भन्ने साविक ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७५।०३।२४ को नि‍र्णय।

५. करदाता कम्पनीको आ.व. २०७४/०७५ को श्रावणदेखि चैत्र महिनासम्मको विशेषज्ञ डाक्टरहरुलाई तलव भुक्तानीमा आयकर एन, २०५८ को दफा ८७(१) बमोजिम पारिश्रमिक आयकर वापत १५,२५ र ३५ प्रतिशतका दरले एकमुष्ट अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा परामर्श सेवा भुक्तानी वापत १५% मात्र अग्रिम कर कट्टी गरी दाखिला गरेको पाईएकोले घटी दाखिला भएको करमा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिमको ब्याज, दफा १२०(क) बमोजिम कर रकमको ५०% शुल्क समेत गरी रु. १,५१,८९,४२८।१६ दाखिला गर्न माग गरी मिति २०७५।३।२४ मा आदेश जारी भएकोमा सो आदेशमा ब्याज गणनामा फरक परेकोले मिति २०७५।४।१ को कार्यालयको निर्णयानुसार अघिल्लो आदेश संशोधन गरी अग्रिम कर निर्धारण ब्याज तथा शुल्क समेत रु.१,१५,०७,१४२।५५ मात्र दाखिला गर्नु भनी करदाताको नाउँमा साविक ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७५।५।१ को संशोधित आदेश।

६. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७५।०३।२४ मा जारी गरेको आ.व. २०७४/०७५(२०७४ श्रावणदेखि चैत्र मसान्त) को अग्रिम कर तर्फको कर निर्धारण आदेशमा चित्त नबुझाई करदाता नेपाल क्यान्सर अस्पताल एण्ड रिसर्च सेन्टर प्रा.लि. ले

प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।१९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

७. निवेदकको निवेदन, कार्यालयको प्रतिक्रिया एवम् मिसिल संलग्न कागजातको अध्ययन गर्दा ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७५।०३।२४ को निर्णय र सो बमोजिम जारी अग्रिम कर कट्टी आदेश कानून सम्मत एवम् तथ्यपूर्ण रहेको देखिंदा निवेदन जिकिर पुग्न नसक्ने ठहर्छ भनी मिति २०७५।११।१२ मा आन्तरिक राजस्व विभागबाट भएको प्रशासकीय पुनरावलोकनको भएको निर्णय।

८. आन्तरिक राजस्व विभागबाट आयकर ऐन,२०५८ ले गरेको व्यवस्था, कम्पनीले पेश गरेको प्रमाण विपरीत निर्णय भएको र ऐ. ऐनको दफा ८७ एवम् ८८ विपरीत हुने गरी निर्णय गरिएको साथै ऐ. ऐनको दफा ११९ तथा दफा १२० को गलत अर्थ र व्याख्या गरी तथ्य, प्रमाण र कानून विपरीत निर्णय भएकोले उक्त निर्णय बदर गरी माग गरिएको अग्रिम कर, शुल्क र ब्याजको दायित्वबाट मुक्त हुने गरी निर्णय गरी पाउँ भन्ने समेत जिकिर लिई राजस्व न्यायाधीकरण ऐन, २०३१ को दफा ९ बमोजिम निर्धारित कर रकम रु. १,१५,०७,१४२।५५ को ५०% ले हुने रु. ५७,५३,५७१।२७ धरौटी वापत जम्मा गर्नुपर्नेमा मिसिल संलग्न प्रशासकीय पुनरावलोकनको निवेदन दायर गर्दा भौचर नं. ०६६४९४६७ मार्फत दाखिला गरेको रकम रु. ३८,४०,०००।— र मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलमा भौचर नं.०८३७५२६५ मार्फत दाखिला गरेको रु. १९,१४,०००।— समेत जम्मा रु.५७,५४,०००।— दाखिला गरी करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०२।२३ मा दर्ता भएको पुनरावेदन पत्र।

९. मुलुकी फौजदारी कार्यविधि २०७४ को दफा १४० (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नू भनी यस न्यायाधिकरणबाट मिति २०७६।०६।०१ मा भएको आदेश।

ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढि निर्णयार्थ यस ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, साविकमा ठूला करदाता कार्यालय, हरिहरभवन, हालको मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट तथा आन्तरिक राजस्व विभाग, काठमाडौंबाट प्राप्त मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाता नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री सज्जल वीर सिहं थापाले करदाता कम्पनीले विज्ञ चिकित्सकहरुलाई भुक्तानी प्रदान गर्दा कानून बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी प्रदान गरेको छ। भुक्तानी प्राप्त गर्ने विशेषज्ञ डाक्टरहरुले आय विवरण दाखिला गरी लाग्ने कर समेत चुक्ता गरेका छन्। विज्ञ

चिकित्सकहरु कम्पनीका कर्मचारीहरु नभएका कारण निजहरुबाट कम्पनीले आवश्यकता अनुसार सम्झौता गरी निश्चित समयावधिको लागि मात्र सेवा लिने गरेको छ। सम्बन्धित विषयका विज्ञ चिकित्सकहरुलाई हस्पिटलको कर्मचारीको रुपमा तलब भुक्तानी गरेको नभई **Consultant** को रुपमा **Retainership Basis** मा शुल्क प्रदान गरी सेवा प्राप्त गरेको कारण निजहरुलाई प्रदान गरीएको सेवा शुल्कलाई तलब मान्न मिल्दैन। तसर्थ सुरु ठूला करदाता कार्यालय, हरिहरभवन तथा आन्तरिक राजस्व कार्यालय, काठमाडौं समेतबाट विज्ञ चिकित्सकहरुलाई प्रदान गरीएको सेवा शुल्कलाई कर्मचारीलाई प्रदान गरेको पारिश्रमिक रकम नामाकरण गरी सो बमोजिम हुने अग्रिम कर कट्टी रकम तथा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क एवं ब्याज माग गर्ने गरी भएको कर निर्धारण आदेश त्रुटिपूर्ण रहेको हुँदा सो बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

११. त्यसैगरी प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिलको कार्यालय काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले पुनरावेदक करदाताले विशेषज्ञ डाक्टरहरुलाई तोकिएको समय काम काज गर्ने गरी नियुक्ति दिएको र भुक्तानी बील तथा बीजकको आधारमा नभै सम्झौताका आधारमा नियमित रुपमा पारिश्रमिक रकम प्रदान गरेको देखिन्छ। यस अवस्थामा आयकर ऐन, २०५८ को दफा ९२ बमोजिम अन्तिम रुपमा करकट्टी हुने रकम भन्न मिल्दैन। तसर्थ सुरु कार्यालय तथा आन्तरिक राजस्व विभाग समेतबाट उल्लेखित अग्रिम कर कट्टी माग गरी ऐ.को दफा १२०(क) बमोजिम शुल्क निर्धारण गर्ने गरी भएको निर्णय कानूनसम्मत हुँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. यसमा ठूला करदाता कार्यालय, हरिरहभवन, ललितपुरबाट करदाता कम्पनी नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.ले आ.व. २०७४।०७५ को श्रावणदेखि चैत्र महिना सम्मको विशेषज्ञ डाक्टरहरुलाई गरेको तलब भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिम पारिश्रमिक आयकर वापत १,१५,२५ र ३५ प्रतिशतका दरले एकमुष्ठ अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्नेमा परामर्श सेवा वापतको १५ प्रतिशतका दरले मात्र अग्रिम करकट्टी गरी कम दाखिला गरेको पाईएकोले उक्त घटि दाखिला भएको करमा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिम ब्याज दफा १२०(क) बमोजिम कर रकमको ५०% शुल्क समेत गरी रु. १,५१,८९,४२८।१६ दाखिला गर्न माग गरी मिति २०७५।३।२४ मा आदेश जारी भएकोमा सो आदेशमा ब्याज फरक परेको भनी उक्त आदेशमा संशोधन गरी मिति २०७५।५।१ मा घटि दाखिला भएको रकम रु. ७६,६४,५७१।२३ सो मा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिमको ब्याज रु. ४,६०,२८५।७० र ऐ.ऐनको दफा १२०(क) बमोजिम शुल्क रु.३६,८२,२८५।६१ समेत गरी रु.१,१५,०७,१४२।५५ माग गर्ने गरी भएको आदेशमा चित्त नबुझाई आन्तरिक राजस्व विभागमा प्रशासकीय

पुनरावलोकनका लागि निवेदन दिएकोमा ताँहा विभागबाट समेत सुरु निर्णयलाई नै सदर कायम गरेपश्चात करदाताको तर्फबाट प्रस्तुत पुनरावेदन दायर भएको देखियो।

१३. उल्लेखित तथ्य, पुनरावेदन करदाताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत भएका बहसका बूँदाहरु र मिसिल संलग्न कागजात एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा साविकको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर, हाल मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल तथा आन्तरिक राजस्व विभागबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

१४. अव निर्णयतर्फ विचार गर्दा पुनरावेदक करदाताले आ.व.२०७४।०७५ मा २०७४ श्रावण देखि २०७४ चैत्रसम्म आफ्नो हस्पिटलमा कार्यरत विशेषज्ञ डाक्टरहरुलाई परामर्श सेवा वापत भनी भुक्तानी गरेको पारिश्रमिक रकममा १५ प्रतिशतका दरले मात्र अग्रिम कर कट्टी गरेको देखियो। करदाताले १५ प्रतिशतका दरले गरेको अग्रिम कर कट्टी मौजुदा एनले व्यवस्था गरे बमोजिमको नभएको हुँदा विशेषज्ञ चिकित्सकहरुलाई प्रदान गरेको तलब भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिम पारिश्रमिक आयकर वापत १,१५,२५ र ३५ प्रतिशतका दरले अग्रिम कर दाखिला गर्नुपर्ने हुँदा सोही बमोजिम दाखिला गर्न लगाउने गरी साविकको ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व विभागबाट निर्णय भएको देखियो। पुनरावेदक करदाताको कम्पनीमा कार्यरत विशेषज्ञ चिकित्सकहरु कन्सल्टेन्टका रुपमा मात्र कार्यरत रही करदाताको अस्पतालको पेरोलभित्र नरहेको हुँदा अन्य कर्मचारी सरह पारिश्रमिक भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिमको अग्रिम कर कट्टी व्यवस्था आकर्षित नहुने भनी पुनरावेदन जिकिर रहेको देखियो।

१५. मिसिल संलग्न कागजातहरुको अध्ययनको क्रममा करदाताले आफ्नो अस्पतालमा विशेषज्ञ डाक्टरहरुलाई तोकिएको समयमा काम गर्ने गरी नियुक्त गरी निजहरुबाट स्वास्थ्य उपचार समेत गराएको देखियो। साथै निजहरुलाई भुक्तानी गरेको तलबका सम्बन्धमा हेर्दा बिल तथा बिजकका आधारमा नभई **Full Time** भनी **Pay Scale** तोकी डाक्टरहरुसँग सम्झौता समेत गरेको देखियो। यसप्रकार पुनरावेदक करदाताले आफ्नो कम्पनीमा नियुक्त गरिएका विशेषज्ञ डाक्टरहरुलाई सम्झौतामा तोकिए बमोजिमको पारिश्रमिक मासिक रुपमा भुक्तानी गरी उक्त भुक्तानी भएको रकमलाई **Consultancy Fee** भनी परिभाषित गर्दै अग्रिम कर वापत १५ प्रतिशत मात्र कट्टी गरेको देखियो। तसर्थ व्यवसायको निम्ति स्थायी लेखा नं. लिई नियमित रुपमा सेवा उपलब्ध गराउँदै आएको प्रस्तुत पुनरावेदक करदाताले मौजुदा ऐनले तोके बमोजिम बीजक जारी नगरी लेखा, खाता तथा विवरण समेत नबुझाई नियमित सम्झौता बमोजिम पारिश्रमिक मासिक रुपमा विशेषज्ञ चिकित्सकहरुलाई भुक्तानी गर्दै आएको रकमलाई परामर्श

सेवा भनी आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम भनी व्याख्या गरी १५ प्रतिशतका दरले कर कट्टी गरेको मिलेको देखिएन। यस स्थितिमा साविकको ठूला करदाता कार्यालयबाट उल्लेखित कार्यलाई अमान्य गरी आयकर ऐन, २०५८ को दफा ८७(१) बमोजिम पारिश्रमिक आयकर भनी सो वापत १,१५,२५ र ३५ प्रतिशतका दरले अग्रिम कर कट्टी दाखिला गर्नुपर्ने भनी गरेको निर्णय र सो निर्णयलाई सदर कायम गर्ने गरी आन्तरिक राजस्व विभागको निर्णयलाई अन्यथा भन्न मिलेन।

१६. पुनरावेदक करदाताले आफ्नो अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकहरुलाई तलब भुक्तानी गर्दा सोही समयमा कानून बमोजिम अग्रिम कर कट्टी गर्नु हुने नै हुँदा उक्त परिस्थितिमा ब्याजको प्रश्न नउठ्ने तथा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क नलाग्ने भनी पुनरावेदन जिकिर लिएको देखियो। यसरी पुनरावेदकले लिएको जिकिरमा अग्रिम कर कट्टि गर्न छुट भएको वा दाखिला नभएको वा कुनै विवरण नलुकाएको अवस्थामा दफा १२०(क) अनुसार शुल्क लाग्न पर्ने वा नपर्ने भन्ने सम्बन्धमा हेर्दा आयकर ऐन, २०५८ दफा ९० को उपदफा (३) ले अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले दफा ८७, ८८ वा ८९ बमोजिम कर कट्टी नगरेको भएपनि सो कर कट्टी हुनुपर्ने समयमा कर कट्टी गरिएको मानिने छ भनी कानूनी व्यवस्था गरेको पाईन्छ । आयकर ऐन, २०५८ को दफा १२० (क) मा अग्रिम कर कट्टि रकम दाखिला गर्न छुट भएमा वा अग्रिम कर कट्टि गर्नुपर्ने रकम कट्टि गर्न छुट भएमा वा त्यस सम्वन्धि विवरणहरु नलुकाएको अवस्थामा शुल्क लाग्ने कानूनी व्यवस्था रहे भएको नदेखिंदा सो हदसम्म शुरु निर्णय मिलेको देखिएन।

१७. अत माथि विवेचित तथ्य, आधार एवं कारण समेतबाट करदाता प्रा.लि.सँग Minimum Gurantee Payment र Payscale समेत उल्लेख गरी पूर्णकालीन(Full Time) कार्य गरे वापत नियमित पारिश्रमिक पाउने गरी सम्झौता बमोजिम नियुक्त भएका विशेषज्ञहरुले पाउने पारिश्रमिकलाई रोजगारीको आयको रुपमा गणना गरी आ.व.०७४।०७५ मा प्रचलित आयकर ऐन, २०५८ को दफा ९०(८) अनुसार घटी दाखिला गरेको रकममा ऐ.ऐनको दफा ११९ अनुसार ब्याज माग गर्ने एवं रोजगारदाताबाट अग्रिम कर कट्टी भएको रकम समेत खुलाई पेश हुने विवरणमा अग्रिम कर कट्टी भएको रकम मिलान गर्न पाउने भनी शुरु ठूला करदाता कार्यालयबाट मिति २०७५।३।२४ मा भएको निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागको मिति २०७५।११।१२ को निर्णय सो हदसम्म मिलेकै देखिएपनि आर्थिक ऐन, २०७७ को दफा ३५ ले गरेको आयकर ऐन, २०५८ को दफा ९०(८) मा भएको थप व्यवस्थाको आधार लिई ऐनको दफा १२०(क) अनुसार शुल्क समेत निर्धारण गर्ने गरेको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

तपसिल खण्ड

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. को आर्थिक बर्ष ०७४/०७५ को श्रावणदेखि चैत्र महिनासम्मको विशेषज्ञ डाक्टरहरुलाई भुक्तानी भएको तलबको अग्रिमकर कट्टी निर्धारण सम्बन्धमा तत्कालिन ठूला करदाता कार्यालय, हरिहरभवन, हाल मध्यमस्तरीय करदाता कार्यालय बबरमहलबाट मिति २०७५/०३/२४ मा भएको निर्णय एवं सो निर्णयलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट मिति २०७५/११/१२ मा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी भएको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहरेकाले उक्त ठहरे बमोजिमको हकमा करदाताले दाखिल गरेको धरौटी रकम फिर्ता दिनू वा अन्य आ.व.मा मिलान गरिदिनु भनि शुरु कार्यालयमा लेखी पठाउनु...........१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु २

सरोकारवालाले फैसलाको नक्कल माग गरे कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु....३

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनु...४

विनोद शर्मा

(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ ।

राजेन्द्र पौडेल

(राजस्व सदस्य)

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय

१) यसमा ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट भएको मिति २०७५।०३।२१ को निर्णय र आन्तरिक राजश्व विभागबाट मिति २०७५।११।१२ मा भएको निर्णय उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा दर्ता गर्दा लाग्ने धरौटी सम्बन्धमा ऐ ऐनको दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम निर्धारित रु.१,१५,०७,१४२।५५ कर रकमको राख्नु पर्ने आधा रकम

भन्दा रु.५७,५३,५७१।२८ धरौटी दाखिला गरेको छ भनी पुनरावेदकको पुनरावेदन पत्रमा खुलाई दर्ताका लागि स्रेस्तेदारबाट स्वीकृत भई दर्ता भएको प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दा लाग्ने धरौटी सम्बन्धमा संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

२) आयकर ऐन,२०५८ बमोजिम शुरु कार्यालयबाट निर्धारित थप करको ५० प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को (क) मा स्पष्ट उल्लेख गरकोछ । सो व्यवस्था बमोजिम राखिने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ । आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा र खण्ड (ग) मा सम्बन्धित कार्यालयले प्रचलित कानून बमोजिम धरौटी राख्नु भनी तोकेकोमा त्यस्तो रकम दाखिला गर्न धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

३) प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिंदा आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) मा तोकिए बमोजिम मिति २०७५।०५।१९ गते राजस्व शिर्षक नं.११११९ भौचर नं. ०६६४९४६७ बाट दाखिला भएको रु.३८,४०,०००/- तथा आयकर ऐन,२०५८ बमोजिम अग्रिमकर बापत आर्थिक वर्ष २०७४/७५ का लागि राजस्व शिर्षक नं.११११९ भौचर नं ०८३७५२६५ बाट मिति २०७६।०२।१९ मा रु.१९,१४,०००/- समेत सर्वसञ्चित कोषमा दाखिला हुने रु.५७,५४,०००/- वाहेक धरौटी वापत थप रकम दाखिला गरेको प्रमाण पुनरावेदन मिसिलमा समावेश भएको देखिएन । राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको अनिवार्य रुपमा राख्नु पर्ने धरौटी दाखिला गरेको प्रमाणित बैंक भौचर वा निस्सा बिना नै मिति २०७६।०२।२३ मा पुनरावेदन दर्ता भएको देखियो।

४) राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि.को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनमा "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३

समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरीपाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

५) यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु. ५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिनभित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्यरुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरण साथ दाखिला भएको देखिएको रु. ७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा ५० प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदनमा भएको सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

६) सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१।६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०। २९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिध्दान्त विपरीत हुन्छ। कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५(६) को व्यवस्था आर्थिक अध्यादेश २०६१।६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

७) प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा

पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ता श्री नारायण नेपाल र श्री सज्जन वीर सिंह थापाबाट निर्धारित करको तोकिए अनुसारको रकम अग्रिम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको ५० प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन। सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

८) उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१।६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदनमा भएको फैसलाका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) मा तोकिए बमोजिमको रकम दाखिला गरेपछि मात्र प्रशासकीय पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र प्रशासकीय पुनरावलोकनको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्टरुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा उल्लेख भए अनुसार नै कर रकम र धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ। अतः सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन" भनि उपदफा (१) को देहायको (क) र (ख) मा दाखिला गर्नु पर्ने धरौटी रकम सम्बन्धमा स्पष्टसँग उल्लेख भएको ऐनको व्यस्था बमोजिम राख्नु पर्ने विवादरहित कर बाहेकको थप निर्धारित (कर, शुल्क र व्याज) विवादित कर रु.१,१५,०७,१४२।५५ को ५० प्रतिशतले हुने धरौटी रु.५७,५३,५७१।२८ दाखिला भएको नदेखिएकोले धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई पेश गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट मिति २०७७।१०।०६ गते बसेको इजलासमा व्यक्त गरे झैं म लेखा सदस्यले राय व्यक्त गरेकोमा सो रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोले उक्त राय ठहरमा सहमत हुन सकिएन।

९) अतः आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) मा तोकिए बमोजिम समेत दाखिला भएको कर वापतको रु.५७,५४,०००/- मात्र जम्मा भएको सम्लग्न फोटोकपी भौचरहरुबाट देखिएकोले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ र ६३, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१।६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नु पर्ने देखिएको धरौटी नराखेको यस मुद्दामा माननीय अध्यक्ष र राजस्व सदस्यबाट भएको *केही उल्टी हुने ठहर* सहितको रायमा सहमत हुन नसकी देहाय बमोजिम फरक राय लेखेकोछुः-

आयकर ऐन,२०५८ बमोजिम प्रशासकीय पुनरावलोकनका लागि दफा ११५ उपदफा (१) अनुसार निवेदन दिँदा दफा ११५ को उपदफा (६) बमोजिमको अनिवार्य दाखिला गर्नु पर्ने रकम र अग्रिम दाखिला भएको कर राजस्व रकम सहित हालसम्म सो आर्थिक वर्षको लागि कुल रु.५७,५४,०००/- मात्र सर्वसञ्चित कोषमा दाखिला भएको मिसिल संलग्न अप्रमाणित फोटोकपी भौचरबाट देखिएको छ । सो कर रकम बाहेक पुनरावेदन दर्ता गर्दाका वखत अनिवार्य रुपमा दाखिला पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ बमोजिमको धरौटी रकम दाखिला गरेको पाइएन। आयकर ऐन,२०५८ को दफा ९०(८) बमोजिमको च.नं. ६० मिति २०७५।०५।०१ आदेशमा उल्लेख गरिए अनुसारको थप निर्धारित कर रु.१,१५,०७,१४२।५५ को ५० प्रतिशतले हुने रु.५७,५३,५७१।२८ धरौटी नराखेको अवस्थामा पुनरावेदन पत्र दर्ता भएको देखिएको प्रस्तुत मुद्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम खारेज हुने ठहर्छ। नियमानुसार गर्नू।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुने:-</u>

शाखा अधिकृत:-प्रमोद रिजाल

टिपोटमा सहयोग गर्ने: डिठ्ठा मनोज फूयल

ईति सम्वत् २०७७ साल चैत्र १२ गते रोज् ५ शुभम्...